# पामारोजा घाँस

| | |
|---|---|
| वैज्ञानिक नाम : | सिम्बोपोगन मार्टिनी (*Cymbopogon martinii* (Roxb.) W. Watson) |
| वानस्पतिक नाम : | ग्रामीनी (Gramineae) |
| नेपाली नाम : | पामारोजा घाँस |
| English name : | Palmarosa, Rosha grass |
| स्थानीय नाम : | गन्धज घाँस, रुसा घाँस (हिन्दी) |

## १. परिचय

पामारोजा घाँस प्रजातिको बहुवर्षीय सुगन्धित वनस्पति हो र यो ३ मिटरसम्म उचाईको हुन्छ । यसका पातहरु ८-५० से. मि. लामा, १-३ से. मि. चौडा भाला आकारका हुन्छन् । यसको जरा बाहेक सम्पूर्ण भागबाट सुगन्धित तेल निस्कन्छ जुन तेलमा ७५-९० प्रतिशत जिरानीवोल (Geraniol) तत्व पाइन्छ । तेलको वासना गुलाफको जस्तो हुन्छ र विभिन्न प्रशोधनका वस्तुहरु सुगन्धित बनाउन प्रयोग गरिन्छ ।

## २. कहाँ पाईन्छ ?

यो नेपाल, भारत लगायत दक्षिण पूर्वी एशियामा पाइन्छ । यो नेपालमा पश्चिम नेपालबाट मात्रै रिपोर्ट गरिएको छ । भारतको मध्यप्रदेश, आन्ध्रप्रदेश तथा कर्णाटक प्रदेशहरुमा पनि यो घाँस प्राकृतिक अवस्थामा पाइन्छ । यसका दुई जात मोतिया र सोफिया मध्ये नेपालको तराई भागमा मोतिया जातको पामारोजाको खेती गरिन्छ । यसको खेती भारत, ब्राजील, पुर्वी अफ्रिका, प्पुवा, मलेसीया र ईण्डोनेसियामा गरेको पाईन्छ ।

## ३. फूल फुल्ने र फल्ने समय

पामारोजाको फूलहरु असारदेखि भदौ महिनासम्ममा फूल्ने गर्छन् र भदौदेखि असोजसम्ममा फलमा परिणत हुन्छन् । यसको ऋतुगत समयतालिका तल दिइएको छ ।

**ऋतुगत समयतालिका**

| फूल फूल्ने समय | फल फल्ने समय | संकलन गर्ने समय | नर्सरीमा रोप्ने समय | खेती गर्ने ठाउँमा सार्ने समय |
|---|---|---|---|---|
| असार-भदौ | भदौ-असोज | भदौ-जेठ | वैशाख-जेठ (बिउ), असार-श्रावण (स्लिप्स्) | जेठ-असार |

## ४. व्यापारको लागि संकलन गरिने भाग



व्यापारिक प्रयोजनमा पामारोजाको जमिन माथिको सम्पूर्ण भाग (फूल, पात र काण्ड) बाट निकालिने तेल प्रयोग गरिन्छ ।

## ५. खेती प्रविधि

पामारोजाको खेती समुद्री सतहदेखि १२०० मिटरसम्मको उचाईमा ६ देखि ७ अम्लीयपन (पी एच) भएको बलौटे, मलिलो माटोमा गर्न सकिन्छ । यसको खेतीमा पानी जम्नु हुदैन तर सिँचाई सुबिधा राम्रो हुनु पर्छ । तुषारोले घाँसको उत्पादन, वृद्धि र तेलको गुणस्तर एवं परिमाणमा नकारात्मक असर पार्छ ।

पामारोजाको खेती अन्य कृषि बालीमा समेत अन्तर बालीको रुपमा गर्न सकिन्छ । पामारोजा र केराउको अन्तर बाली प्रणाली बढी उत्पादनमूलक देखिएको छ । यो बाली एक पटक लगाएपछि चार वर्षसम्म उत्पादन लिईरहन सकिन्छ । मुख्यतया: यसको खेती दुई प्रकारले गर्न सकिन्छ ।

१. **बिउबाट**
२. **पुरानो गाँज फोडेर ।**

### १. बिउबाट

विउ छर्नको लागि नर्सरी ब्याड वैशाखको अन्त्यतिर र जेठको शुरुतिर राखिन्छ । जमिनको सतहबाट केही माथि उठेको नर्सरी ब्याड यसको लागि राम्रो हुन्छ किनभने यस्तो ब्याडमा सिँचाई गर्दा बिउलाई पानीले बगाएर लैजाने सम्भावना कम हुन्छ । ब्याड बनाउँदा जमिनलाई २०-२४ से मि गहिरो हुने गरि खनेर माटोको डल्लाहरु मसिनो पारी फोड्ने र झारपातहरु केलाउने गर्नु पर्छ । आवश्कता अनुसार कम्पोष्ट मल १०-१५ टन प्रति हेक्टर (५००-७५० केजी प्रति रोपनी अथवा २५-३० डोको) का दरले माटोमा मिलाउनु उत्पादनका हिसाबले राम्रो मानिन्छ ।

यसको बिउ मसिनो र हलुका हुने हुँदा १ भाग बिउमा ७ भाग माटो अथाव खरानी मिसाई प्रति हेक्टर २ देखि २.५ केजी का दरले ब्याडमा लाईन बनाई एक लाईनदेखि अर्को लाईनको दूरी करिब १० से. मि. हुने गरि छर्नु पर्छ । बिउ बाक्लो गरि छर्नाले राम्ररी

उम्रदैनन् र उम्रेका बेर्ना पनि राम्ररी फस्टाउदैनन् । बिउ छरेपछि ब्याडमा नियमित पानी दिई राख्नु पर्छ । बिउलाई चर्को घामबाट बचाउन नरम पराल वा छ्वालीले छोप्नु पर्छ ।

बिउहरु छरेको एक हप्ता भित्र उम्रन शुरु गर्छन् । करिब ४-५ हप्तामा १०-१५ से मि अग्ला भएका बेर्नालाई सिमसिमे झरी परेको बेलामा खेती गर्ने जमिनमा सार्नु उपयुक्त हुन्छ । बिरुवा सार्नु अघि खेत जोतेर झार निकाली डल्लाहरु फोडेर माटो मसिनो पारेको हुनु पर्छ । यसरी तयार पारेको जग्गामा सिँचाई गरेर एक बिरुवादेखि अर्को बिरुवा ५० से मि दूरी र एक लाईनदेखि अर्को लाईनको दुरी पनि ५० से मि हुने गरि सार्नु पर्छ । नर्सरीबाट खेतमा बिरुवा सार्दा बिरुवामा आँख्ला लाग्नुअघि सारि सक्नु पर्छ अन्यथा बिरुवा नहुर्किने अथवा नफस्टाउने हुन्छन् ।

## २. पुरानो गाँज फोडेर

पुरानो बिरुवाको गाँज फोडेर नयाँ बिरुवाहरु छुट्ट्याउन सकिन्छ । यी नयाँ बिरुवाहरुलाई स्लिप्स् (Slips) भनिन्छ । हरेक स्लिपमा एकदेखि तीन वटासम्म जराहरु (Tiller) हुनु जरुरी छ र यीनै स्लिपहरु बिउबाट उत्पादित बेर्नाजस्तै तरिकाले असार-श्रावण महिनामा रोपिन्छ ।

## ५.१ सिँचाई र मल

पामारोजाको बिरुवा लगाईसकेपछि खेतमा पटक्कै पानी जम्न दिनु हुदैन । यदि पानी जम्न गएमा बिरुवा मर्न सक्ने सम्भावना भएको हुँदा खेतमा भएको बढी पानी कुलेसो बनाई बगाईदिनु पर्छ । बेर्ना रोपेको २४ घण्टा भित्र पानी नपरेमा र बिरुवाको वृद्धि हुने बेलामा सुख्खा पर्न गएमा तुरुन्त सिँचाईको व्यवस्था गर्नु पर्छ । माटोमा राम्रो चिस्यान भईराख्यो भने बिरुवा राम्रोसँग फष्टाउनुको साथै तेल पनि उच्च गुणस्तरको हुन्छ तर बाली संकलन गर्नेबेलामा भने सिँचाई गर्नु हुदैन ।

मलको आवश्यकता जमिन र माटोको गुणस्तरमा भर पर्छ । साधारणतया ५००-७५० केजी प्रति रोपनी राम्ररी पाकेको गोवर मल वा कम्पोष्ट मल खेतको तयारी गर्दा हाल्नु पर्छ । कम्पोष्ट मलका साथै २० केजी नाईट्रोजन, ५० केजी फस्फोरस र ४० केजी पोटासियम अक्साईड प्रति हेक्टरका दरले राख्नाले यसको वृद्धि र बालीको उत्पादनको लागि राम्रो मानिन्छ । तर अहिले रासायनिक मल तथा कीटनाषक औषधिबाट उत्पादित तेल भन्दा प्राङ्गारिक र जैविक मल प्रयोग गरेर उत्पादन गरिएको तेलको गुणस्तर, बजार र मूल्य सबै उच्च छ । साथै रासायनिक मल र कीटनाषक औषधिको प्रयोगले वातावरण र माटो दुबैमा नकारात्मक असर पर्ने भएकोले प्राङ्गारिक र जैविक मलको अधिकतम प्रयोग गरेर बाली उत्पादन गर्नु लाभदायक देखिन्छ ।

## ५.२ गोडमेल तथा स्याहारसंभार

तेलको सुगन्धनै यस उत्पादनको मुख्य विशेषता भएकोले बाली लगाएको जग्गामा अरु झारपात उम्रन नदिई, समय समयमा गोडमेल र उचित सिँचाईको व्यवस्था गरेर



उत्पादन र तेलको परिमाण र गुणस्तर कायम गर्न सकिन्छ । बाली लगाएको एक महिना भित्रमा गोडमेल गरि झार झिकिएन भने उत्पादन र सुगन्धको गुणस्तरमा कमी आउँछ ।

## ५.३ उत्पादन तथा बाली संकलन

पामारोजाको सम्पूर्ण भागमा तेल हुने भए पनि तुलनात्मक रुपमा फुल र गुच्छा (Inflorescence) मा धरै तेल हुन्छ । साधारणतया यो बालीलाई जमिनको सतहबाट ७-१० से मि माथि छाडेर काट्नु पर्छ । राम्रो तेल उत्पादनको लागि रोपेको ४ महिनामा बालीमा जब फूलको कोपिलाहरु लाग्छन् तब मात्र काट्नु पर्छ । पहिलो वर्ष यस बालीको पहिलो कटाई भदौदेखि असोजको दोश्रो हप्तासम्म, दोश्रो कटाई मंसीरमा र तेश्रो कटाई जेठमा गर्नु पर्छ । त्यसपछि दोश्रो र तेश्रो वर्षमा प्रत्येक वर्षको ३-४ पटकको दरले काट्न सकिन्छ । यो बाली एक पटक रोपेपछि ६-८ वर्षसम्म रहन सक्छ तर तेल उत्पादनको दृष्टिकोणबाट ४ वर्षसम्म मात्र बाली राख्नु उचित हुन्छ । जाडो मौसममा घाँस नबढ्ने भएकाले उत्पादनमा कमी हुन्छ तर यस अवस्थामा तेलको मात्रा बढि हुने भएकाले उक्त मौसममा पनि बाली संकलन गर्नु उपयुक्त देखिन्छ ।

जाडो मौसममा घाँस नबढ्ने भएकोले उत्पादनमा कमी हुन्छ तर यस अवस्थामा तेलको मात्रा बढी हुने भएकोले उक्त मौसममा पनि बाली संकलन गर्नु उपयुक्त देखिन्छ ।

## ५.४ प्रशोधन, भण्डार र उपयोग अभिवृद्धि

पामारोजा बाली/घाँस काटेपछि २४ घण्टासम्म छहारीमा ओईलाउन दिनु पर्छ र तेल निकाल्ने प्रशोधन संयन्त्र (Distillation plant) मा राखि तेल उत्पादन गर्नु पर्छ ।

पहिलो वर्षमा घाँस र तेलको उत्पादन कम हुन्छ तर दोश्रो, तेश्रो र चौथो वर्षमा उत्पादनमा वृद्धि हुन्छ । घाँस डिष्टीलेसन गर्दा सरदर ०.२-०.३ प्रतिशतका दरले तेल उत्पादन हुन्छ । प्रशोधनगर्दा सबै भन्दा धेरै तेल ०.४५-०.५२ प्रतिशत फूलबाट, मध्यम ०.१६-०.२५ प्रतिशत पातबाट र सबै भन्दा कम ०.०१५-०.०४२ प्रतिशत डाँठ र फेदबाट प्राप्त हुन्छ । एक हेक्टरबाट चार वर्षमा सरदर २५० केजी सम्म पामारोजाको तेल उत्पादन हुन सक्छ ।

| उत्पादन | तेल | घाँस |
|---|---|---|
| पहिलो वर्ष | ४० केजी प्रति हेक्टर | १५ टन प्रति हेक्टर |
| दोश्रो वर्ष | ७० केजी प्रति हेक्टर | २५ टन प्रति हेक्टर |
| तेश्रो वर्ष | ७० केजी प्रति हेक्टर | २५ टन प्रति हेक्टर |
| चौथो वर्ष | ७० केजी प्रति हेक्टर | २५ टन प्रति हेक्टर |

श्रोतः जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि. (२०५९)

## ६. उपयोग

पामारोजा घाँसबाट निस्किने सुगन्धित तेल विभिन्न प्रशाधनका वस्तुहरु जस्तै सावुन, क्रिम, लोसन, टोबाको, अत्तर, मिठाई र विस्कुट आदिमा सुगन्ध बढाउन प्रयोग गरिन्छ ।

## ७. बजार सुचना

खास गरि युरोपेली मुलुकहरुमा जैविक खेती (Organic farming) गरि उत्पादन गरिएको पामारोजाको तेलको माग बढी छ । हाल यसको मुख्य बजार फ्रान्समा रहेको छ । यसको तेलको प्रति के.जी. रु ६०० देखि ७०० रुपैया पर्छ ।

## ८. बजार प्रणाली

पामारोजाको खेती गर्ने किसानहरु आफ्नो उत्पादन सोझै प्रशोधनकर्तालाई तथा स्थानीय व्यापारीलाई बेच्ने गर्छन् । सामान्यतया यसको प्रचलित बजार प्रणाली यस प्रकार छ :

१ किसान ---► प्रशोधनकर्ता

२ किसान ---► प्रशोधनकर्ता ---► थोक व्यापारी/निर्यातकर्ता

## ९. आम्दानी तथा खर्च विवरण

तल दिईएको आम्दानी तथा खर्च विवरणको नमूना जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि. बाट लिईएको हो । उक्त नमूना खर्च विवरणमा हाल चलिआएको ज्यामी दर र उत्पादन बजार भाउ समावेश गरिएको छ ।

**आम्दानी तथा खर्च विवरण पहिलो वर्ष प्रति हेक्टर**

| क्र सं | विवरण | परिमाण | ज्यामी संख्या | दर (रु.) | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | जग्गा तयारी | | २५ जना | १००। | २,५००। |
| २ | बिउ | २ केजी | | २००। | ४००। |
| ३ | नर्सरी | | ८ जना | १००। | ८००। |
| ४ | कम्पोष्ट मल | १० टन | | ३००। | ३,०००। |
| ५ | बिरुवा रोप्न | | ३२ जना | १००। | ३,२००। |
| ६ | गोडमेल | | १८ जना | १००। | १,८००। |
| ७ | सिँचाई | | | | ५००। |
| ८ | बाली संकलन | | २५ जना | १००। | २,५००। |
| ९ | प्रशोधन खर्च | | | | ३,७५०। |
| जम्मा | | | | | १८,४५०। |



**आम्दानी तथा खर्च विवरण दोश्रो, तेश्रो र चौथो वर्ष प्रति हेक्टर**

| क्र सं | विवरण | परिमाण | ज्यामी संख्या | दर (रु.) | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | कम्पोष्ट मल | ५ टन | | ३००। | १,५००। |
| २ | गोडमेल | | २५ जना | १००। | २,५००। |
| ३ | सिँचाई | | | | १,५००। |
| ४ | बाली संकलन | | ३८ जना | १००। | ३,८००। |
| ५ | प्रशोधन खर्च | | | | ६,२५०। |
| | | | | | १५,५५०। |
| ६ | दोश्रो, तेश्रो र चौथो वर्षमा कुल खर्च | | | | ४६,६५०। |
| ७ | चार वर्षमा कुल उत्पादन खर्च १८,४५० + ४६,६५० | | | | ६५,१००। |
| ८ | आम्दानी (२५० केजी x ६००।) | | | | १५०,०००। |
| ९ | शुद्व नाफा (चार वर्षमा) | | | | ८४,९००। |
| ११ | सरदर शुद्व नाफा प्रति वर्ष | | | | २१,२२५। |

## ९. सम्बन्धित निकायहरु

पामारोजाको दिगो उत्पादन, खेती, संकलन, प्रशोधन, व्यापारमा संलग्न संघ संस्था तथा निकायहरु यस प्रकार छन् :

- ☞ दिगो कृषि तथा जैविक स्रोतका लागि एशियाली नेटवर्क (ANSAB), काठमाडौं ।
- ☞ व्यवसाय विकास सेवा (BDS MaPS), काठमाडौं ।
- ☞ वनस्पति विभाग (DPR), काठमाडौं ।
- ☞ जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि. (HPPCL), काठमाडौं ।
- ☞ ग्रामीण विकास सेवा केन्द्र, डोटी ।

## १०. सन्दर्भ सामग्रीहरु


- ♦ Press J. R., Shretha K. K. & Sutton D.A. *(2000) Annotated Checklist Of The Flowering Plants Of Nepal. The Natural History Museum, London.*
- ♦ Purohit SS and SP Vyas 2004. *Medicinal plants cultivation: A scientific approach.* Agrobios, India
- ♦ Farooqi AA and BS Sreeramu 2001. *Cultivation of medicinal and aromatic crops.* Universities press, India. 518 p
- ♦ Jain SK 2001. *Medicinal plants: India-the land and the people.* National book trust, India. 216 p

- जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि. २०५५. *जडीबुटी खेती, संकलन, प्रशोधन तथा संरक्षण पुस्तिका.* जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, विशेष क्षेत्र विकास कार्यक्रम, काठमाडौं. २६ पृ
- कट्टेल ललित प्रसाद २०५७. *गैरकाष्ठ वन पैदावार संरक्षण, संवर्द्धन तथा सदुपयोग तालिम निर्देशिका.* बि एस पी/न्यु ईरा वन उद्यम, वातावरण तथा वन उद्यम कार्यक्रम, नेपालगंज, काठमाडौं. १७२ पृ
- भट्टराई ध्रुवराज २०५८. *जडीबुटी मञ्जरी.* मन. शुभाष प्रीन्टिङ प्रेस, काठमाडौं, नेपाल. १८० पृ
- वनस्पति विभाग २०५८. पामारोजा खेती. *जडीबुटी खेती प्रकाशन संख्या ११,* वनस्पति विभाग, थापाथली, काठमाडौं, नेपाल. ९ पृ
- जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि. २०५९. *जडीबुटी खेती पुस्तिका.* जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनि लिमिटेड, काठमाडौं, नेपाल. ४१ पृ
- रावल रण बहादुर २०६०. *जडीबुटी संरक्षण, खेती तथा सदुपयोग तालिम निर्देशिका.* ग्रामीण विकास सेवा केन्द्र, डोटी. १८२ पृ
- श्रेष्ठ उत्तमबाबु र सुजाता श्रेष्ठ २०६१. *नेपालका प्रमुख गैरकाष्ठ वनपैदावारहरु,* भुडीपुराण प्रकाशन, काठमाडौं, नेपाल. ४११ पृ